# गण्डकी प्रदेश सभा

## आठौं अधिवेशन

### बैठक संख्या -१२

### सूचनापत्र - २

### (बैठकको कारवाहीको संक्षिप्त विवरण)

मिति २०८२ साल असार ४ गते, बुधवार

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा दिनको **१: ३०** बजे प्रारम्भ भयो।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो । शुन्य समयमा **माननीय जित बहादुर शेरचन, माननीय बेद बहादुर गुरुङ, माननीय भिम बहादुर कार्की, माननीय लिल बहादुर थापा मगर, माननीय श्यामराजा महत र माननीय हरि बहादुर भण्डारीले** समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात **माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले** सभा समक्ष प्रस्तुत गर्नुभएको गण्डकी प्रदेश सरकारको **आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)को सम्बन्धमा आफ्नो वक्तव्य** सहित छलफल प्रारम्भ गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात **माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले सभा समक्ष प्रस्तुत गर्नुभएको गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको वार्षिक** अनुमान माथिको सामान्य छलफल प्रारम्भ भयो । उक्त सामान्य छलफलमा **माननीय हरि बहादुर चुमान, माननीय महेश भट्टराई, माननीय लिल बहादुर थापा मगर, माननीय विन्दु पौडेल, माननीय सरस्वती गुरुङ, माननीय निर्मला थापा, माननीय हरि बहादुर भण्डारी माननीय दिलमाया पौ.बि, माननीय सुधिर कुमार पौडेल, माननीय दमयन्ती रुचाल, माननीय सुनिता थापा, माननीय भीम बहादुर कार्की र माननीय कल्पना तिवारीले** भाग लिनुभयो ।

तत्पश्चात माननीय सभामुखले **प्रदेश सभाको सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठक सञ्चालन गर्न** निम्नलिखित माननीय सदस्यहरुलाई मनोनयन गरेको जानकारी गराउनुभयो र उक्त प्रस्तावलाई सभाले समर्थन जनायो ।

**१. माननीय दिलमाया पौ.बि.**

**२. माननीय यशोदा रिमाल**

**३. माननीय हरि बहादुर भण्डारी**

तत्पश्चात माननीय सभामुखले आगामि बैठक २०८२ साल असार ५ गते विहान ११ बजे बस्नेगरी ४:२२ बजे स्थगित गर्नुभयो।

.....................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव